# बागमती प्रदेश सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# हेटौंडा, नेपाल
## लम्पी स्किन डिजिज् (Lumpy Skin Disease) नियन्त्रण तथा रोकथामको लागि सप्ताहव्यापी खोप अभियान सञ्चालन कार्ययोजना, २०८०

(स्वीकृत मितिः २०८०/०४/१०)

### १. पृष्ठभूमि :

लम्पी स्किन डिजिज् (Lumpy Skin Disease) गाईभैंसीमा लाग्ने एक संक्रामक विषाणुजन्य रोग हो। यो रोग भैंसीको तुलनामा गाईहरुमा बढी लाग्ने गर्दछ। हाल यो रोग मुलकभर फैलिरहेको छ। यो रोग बागमती प्रदेशको १३ वटै जिल्लाहरुमा देखा परिसकेको छ। यो रोगबाट पशुमा हुने मृत्युदर कम (करिब ५ प्रतिशत) भए पनि दुहुना पशुहरुको दूध उत्पादनमा उल्लेख्य ह्रास (८० प्रतिशत सम्म) हुने भएकाले कृषकहरुलाई ठूलो आर्थिक क्षति पुग्दछ। बागमती प्रदेशभित्र तिव्र गतिमा फैलिरहेको यो रोगको समयमा नै नियन्त्रण तथा रोकथाम गरी गाईभैंसीको स्वास्थ्य संरक्षण गर्न र दूध उत्पादनमा हुने कमीलाई न्युनीकरण गर्न आवश्यक छ। विषाणुबाट लाग्ने भएकोले यस रोगको कुनै ठोस उपचार नभएकोले रोग नियन्त्रणका लागि खोप अभियान एक महत्वपूर्ण कदम हुन सक्छ। यसर्थ, लम्पी स्किन डिजिज् विरुद्धको खोप अभियानलाई व्यवस्थित र प्रभावकारी ढंगबाट संचालन गर्न बागमती प्रदेश सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयले “प्रदेश सरकार, बागमती प्रदेश (कार्य विभाजन) नियमावली, २०७४ (संशोधन समेत)” को कृषि तथा पशुपन्छी विकास मन्त्रालयको कार्य जिम्मेवारीको बुँदा नम्बर २ कार्यान्वयन गर्न **“लम्पी स्किन डिजिज् नियन्त्रण तथा रोकथामको लागि सप्ताहव्यापी खोप अभियान सञ्चालन कार्ययोजना, २०८०”** स्वीकृत गरेको छ।

### २. उद्देश्यहरु

(१) खोप अभियान सञ्चालन गरी लम्पी स्किन डिजिज् नियन्त्रण गर्ने ।

(२) प्रदेश भरी लम्पी स्किन डिजिज् न्यूनीकरणका लागि जनचेतना फैलाउने ।

## ३. बागमती प्रदेशको गाई भैसी तथा दूध उत्पादन सम्बन्धी तथ्याङ्क

| क्र सं | जिल्ला | स्थानीय तह | गाई संख्या | भैसी संख्या | दूध उत्पादन (मे.टन) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | भक्तपुर | ४ | २९०४८ | ९३३४ | १०२३६ | |
| २ | चितवन | ७ | १०२९९७ | ७८८३३ | ५२७४९ | |
| ३ | धादिङ | १३ | १३७८४५ | ९९६७८ | ४४१६१ | |
| ४ | दोलखा | ९ | ७९२२२ | ५६८३९ | २४४६७ | |
| ५ | काठमाडौं | ११ | ५१३७५ | ३९१०१ | २९२५४ | |
| ६ | काभ्रे | १३ | १५१८७३ | १४८६४० | ८०८३५ | |
| ७ | ललितपुर | ६ | २३७३६ | ५७५५८ | ३०११८ | |
| ८ | मकवानपुर | १० | १०९५६९ | ११२६६९ | ५१२८८ | |
| ९ | नुवाकोट | १२ | १२८२०५ | १०७३७० | ४३९९६ | |
| १० | रामेछाप | ८ | ७४३४६ | ४५७४२ | २१०७२ | |
| ११ | रसुवा | ५ | १४२०० | ६६०० | २२९३ | |
| १२ | सिन्धुली | ९ | १३८३४४ | ६८८१६ | ३८७२८ | |
| १३ | सिन्धुपाल्चोक | १२ | ५८८०० | ६५०३३ | २५९४५ | |
| | **जम्मा** | **११९** | **१०९९५६०** | **८९६२१३** | **४५५१४२** | |

*Source: Annual Progress Report FY 2077/78, Ministry of Agriculture and Livestock Development, Bagamati Province*

## ४. खोप अभियान सञ्चालनको लागि पूर्व तयारी

- सरोकारवालाहरुसँग समन्वय र सहजीकरण बैठक गर्ने,
- भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरुले स्थानीय तहहरुको समन्वयमा रोगका प्राविधिक पक्षहरुलाई ध्यानमा राखी खोप अभियान संचालन गर्ने,
- स्थानीय तहबाट खोप लगाउनु पर्ने गाई/भैसीको तथ्याङ्क सङ्कलन गरी आवश्यक पर्ने खोपको उपलब्धता सुनिश्चित गर्ने,
- भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरुले स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको अधीनमा रही खोप अभियानलाई आवश्यक खोप तथा लजिष्टिक सामाग्री खरिद गर्ने,
- खोप कार्यका लागि प्रति पशु एक निडेल र प्रति दश पशु बराबर एक सिरिन्ज हुने गरी खरिद गर्ने,
- खोपको सञ्चयको उचित प्रबन्ध मिलाउने,
- भ्याक्सिनेटर नियुक्त गर्ने,
- भ्याक्सिनेटरलाई प्रति पशु रु. २०/- का दरले पारिश्रमिक उपलब्ध गराउने,
- सम्बन्धित विज्ञ केन्द्रले खोप अभियान प्रभावकारी ढंगबाट संचालन भए नभएको अनुगमन तथा निरीक्षण गरी पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयमा प्रतिवेदन पेश गर्ने,
- कार्यक्रम बारे विभिन्न मिडियाहरुबाट प्रचार प्रसार गर्ने,
- खोप अभियान मिति २०८०/०४/२५ देखि २०८०/०४/३१ सम्म सप्ताहव्यापी सञ्चालन गर्ने ।

## ५. खोप अभियान सुरु गर्ने

- प्रदेश भरी एकै समयमा खोप अभियान सुरु गर्ने,
- खोप कार्यको दैनिक तथ्याङ्क सङ्कलन सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले गर्ने। सो तथ्याङ्क सङ्कलनको लागि प्रत्येक विज्ञ केन्द्रले फोकल पर्सन तोकी पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय मार्फत मन्त्रालयलाई जानकारी गराउने,
- खोप अभियानको प्रभावकारी कार्यान्वयनको लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले स्थानीय तहहरुसँग निरन्तर समन्वय गर्ने,

- खोप अभियानको व्यवस्थापनमा सहजीकरण तथा समन्वयकारी भूमिका पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयले गर्ने,
- अभियान कार्यक्रमको सुपरीवेक्षण तथा अनुगमन कार्य कृषि तथा पशुपन्छी विकास मन्त्रालय बागमती प्रदेश र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयले गर्ने ।

## ६. खोप कार्य तालिका

| मिति | कार्य विवरण | जिम्मेवार निकाय | कैफियत |
|---|---|---|---|
| २०८० श्रावण २० गते भित्र | ▪ भ्याक्सिनेटर नियुक्तिको लागि ७ दिने सूचना प्रकाशन, भ्याक्सिनेटर छनौट तथा नियुक्ति<br>▪ दुग्ध क्षेत्रसँग सम्बन्धित संघ/संस्थाहरुसँग खोप अभियान सम्बधी समन्वय बैठक गर्ने । | ▪ सम्बन्धित स्थानीय तहको समन्वयमा सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र<br>▪ प्रदेश दुग्ध विकास बोर्ड | |
| २०८० श्रावण २२ गते भित्र | ▪ खोप खरिद तथा भण्डारण<br>▪ प्रचार प्रसार सामाग्री तयारी र प्रसारण<br>▪ खोप कार्ड, खोप अभियान लोगो, खोप अभिलेख फाराम, पम्पलेट तथा ब्रोसर छपाई र वितरण | ▪ सम्बन्धित स्थानीय तहको समन्वयमा सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र<br>▪ मन्त्रालय | |

| | | | |
|---|---|---|---|
| २०८० श्रावण २३ गते | ▪ भ्याक्सिनेटर तथा स्थानीय तहहरुलाई अभिमुखीकरण, खोप तथा लजिष्टिक सामाग्री वितरण | ▪ सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | |
| २०८० श्रावण २४ गते | ▪ प्रेस ब्रिफिङ्ग गर्ने | ▪ मन्त्रालय | |
| २०८० श्रावण २५ गते | ▪ खोप अभियान उद्घाटन गर्ने | ▪ कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश | |
| २०८० श्रावण २५ गते देखि श्रावण ३१ गते सम्म | ▪ खोप अभियान संचालन गर्ने<br>▪ विज्ञ केन्द्रहरुले सम्बन्धित स्थानीय तहबाट खोप लगाएको तथ्याङ्क सङ्कलन गरी पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयमा पठाउने ।<br>▪ खोप अभियान अवधि भर रेडियो एफएम पत्रपत्रिका लगायत विभिन्न मिडियाबाट प्रचार प्रसार कार्यलाई निरन्तरता दिने । | ▪ सम्बन्धित विज्ञ केन्द्रहरु<br>▪ सम्बन्धित विज्ञ केन्द्रहरु<br>▪ सम्बन्धित विज्ञ केन्द्र, निर्देशनालय र मन्त्रालय | |
| २०८० भदौ मसान्त भित्र | ▪ खोपको प्रभावकारिता अनुगमनको लागि सिरम सङ्कलन गरी प्रारम्भिक | ▪ पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय बागमती प्रदेश, | |

| | | | |
|---|---|---|---|
| | परीक्षणको प्रतिवेदन सम्बन्धित प्रयोगशालाले प्रदेशस्थित पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयलाई उपलब्ध गराउने र निर्देशनालयले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मार्फत सम्बन्धित स्थानीय तहलाई जानकारी गराउने ।<br><br>▪ खोप कार्यको अनुगमन तथा पृष्ठपोषण गर्ने । | सम्बन्धित विज्ञ केन्द्रहरु र केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला त्रिपुरेश्वर, काठमाडौं<br><br>▪ मन्त्रालय र निर्देशनालय | |

## ७. तथ्याङ्क सङ्कलन तथा सार्वजनिकीकरण

(१) खोप अभियानको तथ्याङ्क सङ्कलन तथा व्यवस्थापनको लागि सम्बन्धित विज्ञ केन्द्रले एक जना प्राविधिक कर्मचारीलाई फोकलपर्सन तोकी सो को जानकारी निर्देशनालयलाई गराउनु पर्नेछ ।

(२) निर्देशनालयले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरुबाट प्राप्त खोप कार्यको तथ्याङ्क सङ्कलन र कम्पाइलेशन गरी मन्त्रालयमा प्रेषण गर्न एक जना अधिकृत कर्मचारीलाई फोकल पर्सन तोकी सो को जानकारी मन्त्रालयमा गराउनु पर्नेछ ।

(३) मन्त्रालयले भेटरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र तथा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयको फोकल पर्सनहरुसँग समन्वय गरी खोप कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा आवश्यक सहजीकरण गर्न पशुपन्छी विकास महाशाखामा कार्यरत एक जना अधिकृत कर्मचारीलाई फोकल पर्सन तोक्ने छ ।

(४) सम्बन्धित विज्ञ केन्द्रको फोकल पर्सनले दैनिक खोप लगाएको तथ्याङ्क तथा सूचना सम्बन्धित स्थानीय तहबाट सङ्कलन गरी सोही दिन बेलुकी निर्देशनालयको फोकल पर्सनलाई अनुसूची-१ को ढाँचामा उपलब्ध गराउनु पर्नेछ ।

(५) निर्देशनालयको फोकल पर्सनले खोप लगाएको दिनको भोली पल्ट बिहान ११:०० बजे भित्र मन्त्रालयको फोकल पर्सनलाई अनुसूची -२ को ढाँचामा खोप लगाएको तथ्याङ्क तथा सूचना उपलब्ध गराउनु पर्नेछ ।

(६) मन्त्रालयले खोप अभियान सुरु गरेको भोलि पल्टदेखि दैनिक रुपमा अघिल्लो दिनको खोप लगाएको तथ्याङ्क तथा सूचना अनुसूची -३ को ढाँचामा प्रेस नोट जारी गरी सार्वजनिक गर्नेछ ।

<u>अनुसूची-१</u>

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयमा खोप कार्य सम्बन्धी विवरण पठाउने ढाँचा

| क्र.सं | खोप अभियान संचालन भएको स्थान | | भएका पशु संख्या | | | | | | | | खोप लगाईएको पशु संख्या | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्थानीय तह | वडा नं | गाई | साँढे | गोरु | बाच्छा/बाच्छी | भैसी | राँगो | पाडापाडी | जम्मा | गाई | साँढे | गोरु | बाच्छा/बाच्छी | भैसी | राँगो | पाडापाडी | जम्मा | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |

तयार गर्ने
.................

स्वीकृत गर्ने
..............

# अनुसूची -२

## पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, बागमती प्रदेशले जिल्लागत लम्पी स्किन डिजिज विरुद्धको खोपको विवरण कम्पाइलेशन गर्ने ढाँचा

| क.सं | जिल्ला | मितिः २०८०/०४/२५ | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | खोप लगाईएको पशु संख्या | | | | | | | |
| | | गाई | बाच्छा / बाच्छी | साँढे | गोरु | भैंसी | राँगो | पाडापाडी | जम्मा |
| १ | काठमाडौं | | | | | | | | |
| २ | भक्तपुर | | | | | | | | |
| ३ | ललितपुर | | | | | | | | |
| ४ | चितवन | | | | | | | | |
| ५ | धादिङ | | | | | | | | |
| ६ | सिन्धुली | | | | | | | | |
| ७ | रामेछाप | | | | | | | | |
| ८ | दोलखा | | | | | | | | |
| ९ | सिन्धुपाल्चोक | | | | | | | | |
| १० | मकवानपुर | | | | | | | | |
| ११ | काभ्रेपलाञ्चोक | | | | | | | | |
| १२ | नुवाकोट | | | | | | | | |
| १३ | रसुवा | | | | | | | | |
| कूल जम्मा | | | | | | | | | |

| क.सं | जिल्ला | मितिः २०८०/०४/२६ | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | खोप लगाईएको पशु संख्या | | | | | | | |
| | | गाई | बाच्छा / बाच्छी | साँढे | गोरु | भैंसी | राँगो | पाडापाडी | जम्मा |
| १ | काठमाडौं | | | | | | | | |
| २ | भक्तपुर | | | | | | | | |
| ३ | ललितपुर | | | | | | | | |
| ४ | चितवन | | | | | | | | |
| ५ | धादिङ | | | | | | | | |
| ६ | सिन्धुली | | | | | | | | |
| ७ | रामेछाप | | | | | | | | |
| ८ | दोलखा | | | | | | | | |
| ९ | सिन्धुपाल्चोक | | | | | | | | |
| १० | मकवानपुर | | | | | | | | |
| ११ | काभ्रेपलाञ्चोक | | | | | | | | |
| १२ | नुवाकोट | | | | | | | | |
| १३ | रसुवा | | | | | | | | |
| कूल जम्मा | | | | | | | | | |

| क.सं | जिल्ला | मितिः २०८०/०४/२७ | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | खोप लगाईएको पशु संख्या | | | | | | | |
| | | गाई | बाच्छा / बाच्छी | साँढे | गोरु | भैंसी | राँगो | पाडापाडी | जम्मा |
| १ | काठमाडौं | | | | | | | | |
| २ | भक्तपुर | | | | | | | | |
| ३ | ललितपुर | | | | | | | | |
| ४ | चितवन | | | | | | | | |
| ५ | धादिङ | | | | | | | | |
| ६ | सिन्धुली | | | | | | | | |
| ७ | रामेछाप | | | | | | | | |
| ८ | दोलखा | | | | | | | | |
| ९ | सिन्धुपाल्चोक | | | | | | | | |
| १० | मकवानपुर | | | | | | | | |
| ११ | काभ्रेपलाञ्चोक | | | | | | | | |
| १२ | नुवाकोट | | | | | | | | |
| १३ | रसुवा | | | | | | | | |
| कूल जम्मा | | | | | | | | | |

| क.सं | जिल्ला | मितिः २०८०/०४/२८ | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | खोप लगाईएको पशु संख्या | | | | | | | |
| | | गाई | बाच्छा / बाच्छी | साँढे | गोरु | भैंसी | राँगो | पाडापाडी | जम्मा |
| १ | काठमाडौं | | | | | | | | |
| २ | भक्तपुर | | | | | | | | |
| ३ | ललितपुर | | | | | | | | |
| ४ | चितवन | | | | | | | | |
| ५ | धादिङ | | | | | | | | |
| ६ | सिन्धुली | | | | | | | | |
| ७ | रामेछाप | | | | | | | | |
| ८ | दोलखा | | | | | | | | |
| ९ | सिन्धुपाल्चोक | | | | | | | | |
| १० | मकवानपुर | | | | | | | | |
| ११ | काभ्रेपलाञ्चोक | | | | | | | | |
| १२ | नुवाकोट | | | | | | | | |
| १३ | रसुवा | | | | | | | | |
| कूल जम्मा | | | | | | | | | |

| क.सं | जिल्ला | मितिः २०८०/०४/२९ | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | खोप लगाईएको पशु संख्या | | | | | | | |
| | | गाई | बाच्छा / बाच्छी | साँढे | गोरु | भैंसी | राँगो | पाडापाडी | जम्मा |
| १ | काठमाडौं | | | | | | | | |
| २ | भक्तपुर | | | | | | | | |
| ३ | ललितपुर | | | | | | | | |
| ४ | चितवन | | | | | | | | |
| ५ | धादिङ | | | | | | | | |
| ६ | सिन्धुली | | | | | | | | |
| ७ | रामेछाप | | | | | | | | |
| ८ | दोलखा | | | | | | | | |
| ९ | सिन्धुपाल्चोक | | | | | | | | |
| १० | मकवानपुर | | | | | | | | |
| ११ | काभ्रेपलाञ्चोक | | | | | | | | |
| १२ | नुवाकोट | | | | | | | | |
| १३ | रसुवा | | | | | | | | |
| कूल जम्मा | | | | | | | | | |

| क.सं | जिल्ला | मितिः २०८०/०४/३० | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | खोप लगाईएको पशु संख्या | | | | | | | |
| | | गाई | बाच्छा / बाच्छी | साँढे | गोरु | भैंसी | राँगो | पाडापाडी | जम्मा |
| १ | काठमाडौं | | | | | | | | |
| २ | भक्तपुर | | | | | | | | |
| ३ | ललितपुर | | | | | | | | |
| ४ | चितवन | | | | | | | | |
| ५ | धादिङ | | | | | | | | |
| ६ | सिन्धुली | | | | | | | | |
| ७ | रामेछाप | | | | | | | | |
| ८ | दोलखा | | | | | | | | |
| ९ | सिन्धुपाल्चोक | | | | | | | | |
| १० | मकवानपुर | | | | | | | | |
| ११ | काभ्रेपलाञ्चोक | | | | | | | | |
| १२ | नुवाकोट | | | | | | | | |
| १३ | रसुवा | | | | | | | | |
| कूल जम्मा | | | | | | | | | |

| क.सं | जिल्ला | मितिः २०८०/०४/३१ | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | खोप लगाईएको पशु संख्या | | | | | | | | |
| | | गाई | बाच्छा / बाच्छी | साँढे | गोरु | भैंसी | राँगो | पाडापाडी | जम्मा | |
| १ | काठमाडौं | | | | | | | | | |
| २ | भक्तपुर | | | | | | | | | |
| ३ | ललितपुर | | | | | | | | | |
| ४ | चितवन | | | | | | | | | |
| ५ | धादिङ | | | | | | | | | |
| ६ | सिन्धुली | | | | | | | | | |
| ७ | रामेछाप | | | | | | | | | |
| ८ | दोलखा | | | | | | | | | |
| ९ | सिन्धुपाल्चोक | | | | | | | | | |
| १० | मकवानपुर | | | | | | | | | |
| ११ | काभ्रेपलाञ्चोक | | | | | | | | | |
| १२ | नुवाकोट | | | | | | | | | |
| १३ | रसुवा | | | | | | | | | |
| कूल जम्मा | | | | | | | | | | |

तयार गर्ने

......................

स्वीकृत गर्ने

......................

## अनुसूची -३

**कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेशले प्रदेशभर भएको लम्पी स्किन डिजिज विरुद्धको खोप विवरण कम्पाइलेशन गर्ने ढाँचा**

| क्र.सं | जिल्ला | मितिः | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | खोप लगाईएको पशु संख्या | | | | | | | |
| | | गाई | साँढे | गोरु | बाच्छा बाच्छी | भैसी | राँगो | पाडापाडी | जम्मा |
| १ | काठमाडौ | | | | | | | | |
| 2 | भक्तपुर | | | | | | | | |
| 3 | ललितपुर | | | | | | | | |
| 4 | चितवन | | | | | | | | |
| 5 | धादिङ | | | | | | | | |
| 6 | सिन्धुली | | | | | | | | |
| 7 | रामेछाप | | | | | | | | |
| 8 | दोलखा | | | | | | | | |
| 9 | सिन्धुपाल्चोक | | | | | | | | |
| 10 | मकवानपुर | | | | | | | | |
| 11 | काभ्रेपलाञ्चोक | | | | | | | | |
| 12 | नुवाकोट | | | | | | | | |
| 13 | रसुवा | | | | | | | | |
| **कूल जम्मा** | | | | | | | | | |

तयार गर्ने

....................